# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. १४६/०७३/७४**

**निर्णय नं. १३२**

जिल्ला अर्घाखाँची, सन्धिखर्क निवासी बसन्त श्रेष्ठ 'छापेली' ...............................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची ..........................१ } विपक्षी
सूचना अधिकारी, सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची .........................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला अर्घाखाँची, सन्धिखर्क निवासी बसन्त श्रेष्ठ 'छापेली'ले सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।१६ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्वन्धमा यस आयोगवाट मिति २०७३।०५।२५ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी विपक्षी सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीको कार्यालयको नाममा आदेश भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा यस आयोगको च. नं. ४५१ मिति २०७३।०५।३१ को पत्रवाट सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीको कार्यालयलाई लेखी गएको । तत् पश्चात यस आयोगमा मिति २०७३।०६।११ मा प्राप्त सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीको पत्र संख्या ०७३।०७४ च. नं. ०७७-४२०११२ मिति २०७३।०४।२८ को वोधार्थ पत्र र पुनरावेदकले माग गरे वमोजिमको विस्तृत सूचना भएको भनिएको पुस्तक थान १ पुनरावेदकलाई पनि नि:शुल्क उपलब्ध गराईएको जानकारी हुन आएको र पुनरावेदकले पनि सो सम्बन्धमा कुनै उजुरी नगरेकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल मंसिर ०५ गते रोज १ शुभम् ।